COLUMBUS CITY SCHOOLS

(Insert Student's name) का आदरणीय अभिभावक वा संरक्षक,

भर्खरैको कानूनले प्रारम्भिक कक्षाहरूमा पढाइका निर्देशन र मध्यस्थतालाई थप जोड दिनकालागि ओहायो थर्ड ग्रेड रिडिङ ग्यारेन्टी (Ohio Third Grade Reading Guarantee) लाई सबलीकरण गरेको छ। यस पहल मार्फत, स्कूल डिस्ट्रिक्टले नोभेम्बर १ सम्ममा किन्डरगार्टनका सबै विद्यार्थीहरूलाई र सेप्टेम्बर ३० सम्ममा कक्षा एक, दुई वा तीनका विद्यार्थीहरूलाई निदानात्मक मूल्याङ्कन सञ्चालन गरेर पठनका कमजोरीहरू पत्ता लगाउन आवश्यक छ। (Columbus City Schools) कलम्बस सिटी स्कूल्सले प्रारम्भिक साक्षरता सीपहरू मूल्याङ्कन गर्न डिजाइन गरिएको कम्प्युटर-अनुकूल, व्यक्तिगत रूपमा प्रशासित परीक्षण आई-रेडी (i-Ready) भनिने मूल्याङ्कन सञ्चालन गर्दछ।

आई-रेडी (i-Ready) मूल्याङ्कनमा विद्यार्थीको नतिजाहरू ट्र्याकमा भएको वा ट्र्याकमा नभएका रूपमा परिभाषित र वर्गीकृत गरिएको थियो। ट्र्याकमा भएका रूपमा पदनाम प्राप्त गर्ने विद्यार्थीले पहिलो कक्षामा ३७८ अंक प्राप्त गरेको वा दोस्रो कक्षामा ४४० अंक प्राप्त गरेको आवश्यक अंकहरू पूरा गर्ने विद्यार्थी हो। तेस्रो कक्षामा केहि फरक छ जसमा विद्यार्थीहरूले आफ्नो फःल (शरद) वा स्प्रिङ (वसन्त)को (Ohio State Test) ओहायो स्टेट टेस्टमा ७०० र राज्यको मानक अनुसार अंग्रेजी/भाषा कलामा पढ्नेले ५० वा सोभन्दा बढि रिडिङ सबस्केल (पढाइको उपस्केल) प्राप्त गर्नै पर्नेछ जसले तपाँईको बच्चा ट्र्याकमा छ कि छैन भनेर जान्न सकिन्छ। तल छनिएका दुईटा कारण मध्ये एउटा हेर्नुहोस्।

तपाँईले यो पत्र पाँउदैहुनुहुन्छ किनभने आई-रेडी (iReady) आइरेडिको मूल्याङ्कनका आधारमा:

तपाँईको बच्चालाई उनको हालको ग्रेड स्तरको पढाइको क्षेत्रमा अन-ट्र्याक (सहि मार्गमा रहेको) रहेको रूपमा पहिचान गरिएको छ।
यो योजना निरन्तर साक्षरता वृद्धि र सफलता सुनिश्चित गर्न तपाँईका बच्चाको प्रगति दस्तावेज गर्न विकसित गरिएको थियो।

विद्यार्थीकालागि उपलब्ध गराइने हालका सेवाहरूको विवरण निम्नानुसार छ:

| | | | |
|---|---|---|---|
| | ९० मिनेटको पढाई निर्देशन | | सानो समूहमा निर्देशन |
| | ट्यूटोरिङ वा मेन्टोरिङ | | अन्य: |

प्रस्तावित पूरक सेवाहरूको विवरण निम्नानुसार छ:

| | | | |
|---|---|---|---|
| | १२० मिनेटको पढाई निर्देशन | | सानो समूहमा मध्यस्थता |
| | विस्तारित (थप) सिक्ने अवसरहरू (ELO) | | ट्यूटोरिङ वा मेन्टोरिङ |
| | | | अन्य: |
| | | | |

(The Third Grade Reading Guarantee) द थर्ड ग्रेड रिडिङ ग्यारेन्टिले विद्यालयहरूलाई आई-रेडी (i-Ready) को मूल्याङ्कनमा आधारित नट अन-ट्र्याक (सहि मार्गमा नरहे) काररूपमा पहिचान गरिएका विद्यार्थीहरूकालागि पठनमा सुधार र अनुगमन योजना (रिडिङ इम्प्रोवमेन्ट एण्ड मनाटरिङ प्लान) विकास गर्न आवश्यक छ।

हाम्रा विद्यार्थीहरूको शैक्षिक आवश्यकताहरू पूरा गर्न (Columbus City Schools) कलम्बस सिटी स्कूल्सको सधैं लक्ष्य रहेको छ। तदनुसार, हामीले हाम्रा विद्यार्थीहरूको सफलता सुनिश्चित गर्न सहकार्यकासाथ काम गरिरहनु आवश्यक छ।

यदि तपाँईसँग थप प्रश्नहरू वा सरोकारहरू छन् भने कृपया आफ्नो बच्चाको शिक्षकलाई वा मेरो कार्यालयमा सिधै सम्पर्क गर्न नहिचकिचाउनुहोस्।

भवदीय,

प्रिन्सिपल

**iReady TGRG (3RDG) Parent Letter (Nepali)**